# स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या १३, मिति २०८१ चैत्र २७ गते

## भाग-२
## बौदीकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### बौदीकाली गाउँपालिकाको विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालन कार्यविधि-२०८१

**प्रस्तावना :**

बौदीकाली गाउँपालिका भित्र सञ्चालित विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुमा पढाइसंगै विभिन्न प्रकारका सीप विकास गरी उनिहरुलाई स्वाबलम्बी र आत्मनिर्भर बनाउन,विभिन्न क्रियाकलाप सञ्चालन गरी बालबालिकाको सर्वाङ्गिण विकास गर्न तथा बालबालिकामा भएको सिर्जनात्मक क्षमता र प्रतिभालाई प्रस्फुटन गरी गुणस्तरीय सिकाइको लागि प्रोत्साहन गर्न वाञ्छनिय भएकाले बौदीकाली गाउँपालिका शिक्षा ऐन २०७४ को दफा ६२ ले प्रदान गरेको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाबाट यो कार्यविधि बनाइ कार्यान्वयनमा ल्याइएको छ ।

## परिच्छेद १
## नाम र परिभाषाः

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहनेछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट कार्यान्वयनमा आउनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अन्यथा नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले बौदीकाली गाउँपालिकालाई सम्झनु पर्दछ

(ख) "शिक्षा समिति" भन्नाले बौदीकाली गाउँपालिका शिक्षा ऐन २०७४ को दफा १० बमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

(ग) "वडा कार्यालय" भन्नाले बौदीकाली गाउँपालिकाका छ वटा वडा कार्यालयलाई सम्झनुपर्दछ।

(घ) "शिक्षा शाखा"भन्नाले बौदीकाली गाउँपालिका अन्तर्गतको शिक्षा शाखालाई सम्झनु पर्दछ ।

(ङ) "विद्यालय" भन्नाले बौदीकाली गाउँपालिका भित्र सञ्चालित सबै विद्यालयलाई सम्झनुपर्दछ।

## परिच्छेद २
## विद्यालयमा सीप सिकाइ कार्यक्रमको उद्देश्यः

३. **कार्यक्रमका उद्देश्यहरु निम्मानुसार रहेका छन् :**

(क बालबालिकामा रहेको प्रतिभा प्रस्फुटन गराउनु ।

(ख) बालबालिकाको सर्वाङ्गिण विकास गराउनु।

(ग) राष्ट्रियताको भावना समाजसेवाको भावना तथा पोपकारी भावना जागृत गराउनु ।

(घ) स्थानीय कला भाषा धर्म संस्कृतिको संरक्षण र संआर्द्धन गर्नु ।

(ङ) विद्यालयमा पढाइसंगै सीप विकास गराउनु ।

(च) वातावरण संरक्षण तथा सरसफाईमा अभिप्रेरित गर्नु ।

४. **कार्यक्रम सञ्चालनको लागि विद्यालय छनोट प्रकृया-**

(१) शिक्षा शाखाले गाउँपालिका अन्तर्गत आधारभूत तह कक्षा १-८ तथा माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई कार्यक्रममा सहभागी हुनको लागि प्रस्ताव पेश गर्न कम्तिमा ७ (सात) दिनको सूचना प्रकाशन गर्नेछ ।उक्त म्याद भित्र विद्यालयहरुले विद्यार्थीहरुको सीप सिकाइको रुचिको विषय क्षेत्रहरु छनोट गरी सोहि अनुसार विस्तृत कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

(२) शिक्षा शाखाले विद्यालयले पेश गरेको प्रस्ताव अध्ययन गरी सो प्रस्तावहरु शिक्षा समिति समक्ष पेश गर्नेछ ।

(३) शिक्षा समितिले प्राप्त प्रस्ताव स्वीकृत गरी कार्यक्रम सञ्चालनको लागि स्वीकृति दिनेछ ।

(४) विद्यालयले स्वीकृत प्रस्ताव अनुसार गाउँपालिका समक्ष कार्यक्रम सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

**परिच्छेद : ३**

**५. विद्यालयमा सीप सिकाइ कार्यक्रमका विषय क्षेत्र र कार्यकलाप**

(१) . विद्यालयले विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमका विषय क्षेत्र तथा कार्यकलापलमा आधारित भई सञ्चालन गर्नुपर्दछ

(क)संगित

(ख)नृत्य

(ग)बाद्यबादन

(घ)दुना टपरी निर्माण

(ङ)हाउस वायरिङ

(च)सिलाइ बुनाई

(ज)सजावटका सामाग्री निर्माण

(झ)हस्तकला

(ञ)काष्ठकला

(ट)कपाल काट्ने

(ठ)खेलौना निर्माण

(ड)उदघोषण

(ण) विद्यालयमा अध्यापन हुने अन्य विषयमा आधारित कार्यकलापहरु

(त) खेलकुदसंग सम्बन्धित कार्यकलापहरु

माथी उल्लेख भएका क्षेत्र बाहेक विद्यालयले आवश्यक ठानेका सीपका अन्य क्षेत्रहरु समेत समाबेश गर्न सक्नेछ ।

**परिच्छेद : ४**

**६. विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालनमा ध्यान दिनुपर्ने पक्ष**

(१) विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालन गर्दा देहायका पक्षमा ध्यान दिएर गर्नुपर्दछ ।

(क) कार्यक्रमको लागि छनोट भएको विद्या/क्रियाकलाप बालबालिकाको उमेर रुचि र क्षमता अनुसारको हुनुपर्दछ

(ख) विद्यालयमा सीप सिकाइ कार्यक्रमले बालबालिकामा प्रयाप्त मनोरञ्जन तथा सीप विकास गर्न सक्नुपर्दछ

(ग) विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालन गर्दा सबै विद्यार्थीहरुको सक्रिय सहभागिता हुनु पर्दछ ।

(घ) विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालन गर्दा स्थानीय स्रोत साधन तथा सामाग्रीलाई प्रयोग गर्नुपर्दछ

(ङ) विद्यालयले कम्तिमा एक हप्ता सीप सप्ताहको रुपमा घोषणा गरी विद्यार्थीहरुलाई उनिहरुको रुची अनुसारको सीप सिकाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(च) सीप सिकाउनको लागी स्थानीय बिज्ञलाई प्राथमिकता दिनुपर्नेछ । स्थानीय स्तरमा बिज्ञ उपलब्ध हुन नसकेको खण्डमा मात्रै बाहिरबाट बिज्ञ ल्याउनु पर्नेछ ।

**७. खर्च गर्ने आधारहरु :**

(१) विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालन गर्दा तल उल्लेखित आधारमा खर्च गर्न सक्नेछ।

क. सीप सिकाइको लागि आवश्यक कच्चा पदार्थ खरिद

ख. सीप सिकाउने बिज्ञको पारीश्रमिक खाना, खाजा तथा बास ।

ग. सीप सिकाउन आवश्यक पर्ने औजार/सामाग्री खरिद

घ. सहभागी विद्यार्थीहरुको सामान्य खाजा

ङ. कार्यविधि निर्माण

च. प्रधानाध्यापक अभिमुखिकरण

(२) विद्यालयले रकम खर्च गर्दा प्रचलित कानुन अनुसार गर्नुपर्नेछ ।

## परिच्छेद : ५

विभिन्न सरोकारवालाहरुको भूमिका

८. **विद्यालयको भूमिकाः** विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालनमा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालनका लागि विषयगत कार्यतालिका निर्माण गरि कार्यान्वयन गर्ने

(ख) कार्यक्रम सञ्चालनका लागि आवश्यक अनुसार समिति तथा उपसमिति निर्माण गरी परिचालन गर्ने

(ग)स्वीकृत कार्यतालिका बमोजिम कार्यक्रम सञ्चालन गर्ने ।

(घ) कार्यक्रम सञ्चालनका लागि आवश्यकता अनुसार शिक्षक कर्मचारी तथा विद्यार्थी परिचालन गर्ने ।

(ङ) गाउँपालिकाबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने

९. **वडा कार्यालयको भूमिकाः** विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालनमा वडा कार्यालयको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) आफ्नो वडा भित्र सञ्चालित विद्यालयहरुमा विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालनको लागि समन्वय र सहजिकरण गर्ने ।

(ख) वडास्तरीय योजना तथा कार्यक्रममा विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्था गर्ने ।

(ग) वडा भित्र सञ्चालित विद्यालयका विद्यार्थी शिक्षक तथा सरोकारवालाहरुलाईविद्यालयमा सीप सिकाइ कार्यक्रममा सहभागिताका लागि उत्प्रेरित गर्ने ।

(घ) वडा भित्र सञ्चलित विद्यालयहरुमा विद्यालयमा सीप सिकाइ कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन, निरिक्षण गर्ने ।

**१०. शिक्षा शाखाको भूमिकाः** विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालनमा शिक्षा शाखाको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालनको लागि विद्यालयहरुसंग आवश्यक समन्वय तथा सहजिकरण गर्ने

(ख) विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालनको लागि आवश्यक स्रोत तथा साधनको व्यवस्थापन गर्ने

(ग) विद्यालयमा सीप सिकाइ कार्यक्रमको प्रभावकारिताको सम्बन्धमा मूल्याङ्कन गर्ने

(घ) गाउँपालिकास्तरीय प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गर्ने

(ङ) विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालन सम्बन्धमा विद्यालयमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।

(च) विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालनका लागि विद्यालयहरुलाई आवश्यक प्राविधिक सहायता उपलब्ध गराउने ।

## परिच्छेदः ६

**विविध**

**११. प्रतिवेदन तयारि र पेशः** विद्यालयले विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालन प्रश्चात अनुसूची १ बमोजिमको ढाँचामा प्रतिवेदन तयार पारि शिक्षा शाखामा पेश गर्नुपर्दछ ।

१२. **बाधा अडकाउ फुकाउः** यस विद्यालयमा सीप सिकाइ कार्यक्रम सञ्चालन गर्दा कुनै बाधा अडचन आइ परेमा त्यस्तो बाधा अडचन हटाउने अधिकार शिक्षा शाखामा रहनेछ ।

१३. **संसोधन परिमार्जन र खारेजीः** यस कार्यविधिमा कुनै संशोधन परिमार्जन वा खारेजी आवश्यक भएमा त्यस्तो अधिकार गाउँ कार्यपालिकालाई रहनेछ ।

**कार्यक्रम प्रतिवेदनको ढाँचाः**

१ विद्यालयको नाम :

२ ठेगाना :

३ सञ्चालित कक्षा :

४ इमिस कोड :

५ जम्मा विद्यार्थी संख्या :

६ कार्यक्रम सञ्चालन गरिएको मिति :

७ सञ्चालन भएको कार्यक्रम

| क्र. सं | ६ | | ७ | | ८ | | ९ | | १० | | ११ | | १२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| | | | | | | | | | | | | | | |

८ कार्यक्रममा सक्रिय रुपमा सहभागी भएका विद्यार्थीहरुको कक्षागत विवरण

प्रमाणीकरण मिति : २०८१/१२/२७

आज्ञाले<br>उज्वल बहादुर बस्नेत<br>प्रमुख प्रशासकीय अधिकृत<br>बौदीकाली गाउँपालिका